"स्वच्छ, सफा, समृद्ध, सुन्दर – महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty - Mahalaxmi Municipality"
महालक्ष्मी नगरपालिका
Mahalaxmi Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

पत्र संख्या (Let. No.):
चलानी नं. (Reg. No.):

मिति २०८०।१०।१७

## आमा बाबु विहिन बालबालिका संरक्षण कार्यकमको लागि आवेदन सम्बन्धी सूचना !

यस महालक्ष्मी नगरपालिकाको आ.व.२०७९।२०८० को प्रदेश स्तरिय स्वीकृत वार्षिक कार्यक्रम अनुसार आमा बाबु बिहिन बालबालिका संरक्षण कार्यक्रम अन्तरगत आमा बाबु दुबैको मृत्यु भएको वा दुबै बेपत्ता भएका वा दुबैको संरक्षण र रेखदेख बाट बन्चित भइ अरुको संरक्षणमा रहेका १८ वर्ष उमेर पुरा नभएका बालबालिकाको शिक्षा,स्वास्थ्य र पोषणको सुनिश्चितता गरी सामाजिक संरक्षणको लागि भत्ता प्राप्त गर्ने योग्य बालबालिका वा निजको संरक्षक , माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले यस नगरपालिकाको सम्बन्धित वडा कार्यालयमा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपशिलको कागजात सहित आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः -**

- जन्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि /नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- बाबु र आमा दुबैको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि वा बाबु र आमा दुबै बेपत्ता भएको वा दुबैको संरक्षण र रेखदेख बाट बन्चितीमा परेको प्रमाणित कागजात ।
- बिद्यालयमा भर्ना भइ नियमित बिद्यालय जाने गरेको भनी बिद्यालयले दिएको सिफारिस पत्र (५ वर्ष उमेर पुरा गरेका बालबिलकाको हकमा मात्र )।
- संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

प्रमुख प्रशासकीय अधिकृत
प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत

तारा कुमारी केसी
अधिकृत छैठौं

फोनः ०१-५२०३५९२, ०१-५२०१६३३, ०१-५२०१७३३
Email: info@mahalaxmimun.gov.np, mahalaxmimun@gmail.com, Web: http://mahalaxmimun.gov.np